# यो सिजनको विद्युत् निर्यात सुरु

दिउँसो दैनिक करिब चार सय मेगावाटसम्म बिजुली आयात भइरहे पनि गत शनिबारदेखि रातको समयमा मात्रै प्राधिकरणद्वारा भारततर्फ बिजुली निकासी, असारबाट बंगलादेशतर्फ पनि दैनिक ४० मेगावाटका दरले निर्यात हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणले गत शनिबारदेखि यो सिजनको बिजुली निर्यात सुरु गरेको छ। अहिले रातको समयमा दैनिक एक सय ५० मेगावाटदेखि दुई सय मेगावाटसम्म निर्यात भइरहेको प्राधिकरणले जनाएको छ। दिउँसोको समयमा भने करिब चार सय मेगावाटसम्म भारतबाटै बिजुली आयात भइरहेको छ।


राति आन्तरिक माग घट्ने भएकाले उत्पादित बिजुली भारत निर्यात भइरहेको प्राधिकरणका प्रवक्ता भाइराजा शिल्पकारले जानकारी दिए। 'भारतीय इनर्जी एक्सचेन्जमार्फत रियल टाइम मार्केटमा बिजुली निर्यात थालिएको छ,' उनले भने, 'उत्पादन बढेसँगै आन्तरिक खपत गरेर बाँकी भएको अवस्थामा भारतको रियल टाइम मार्केटमा विद्युत् बिक्री गर्न सुरु गरेका हौँ। २४ घण्टा नै विद्युत् निर्यात भने भएको छैन।'

प्राधिकरणको तथ्यांकअनुसार मंगलबार दुई हजार चार सय ३३ मेगावाट घण्टा बिजुली भारततर्फ निर्यात भएको छ। मंगलबार नै तीन हजार एक सय ९९ मेगावाट घण्टा बिजुली भारतबाट आयात पनि गरिएको छ। मंगलबार पिक आवरमा १९ सय २२ मेगावाटसम्म विद्युत् उत्पादन भएको थियो। त्यसबेला विद्युत् माग भने १९ सय ५० मेगावाट थियो। मंगलबार पिक आवरमा २८ मेगावाट विद्युत् आयात गरिएको थियो। रात र दिउँसोको समयमा आन्तरिक खपत गरेर बाँकी भएको विद्युत् भारततर्फ निर्यात गरेको प्रवक्ता शिल्पकारको भनाइ छ।

नेपालमा समयअनुसार विद्युत्‌को माग फरक-फरक हुन्छ। साँझ पिक आवरमा विद्युत्‌को माग बढी हुन्छ भने दिउँसो औसत रहन्छ। रातको समयमा भने विद्युत्‌को माग धेरै नै कम हुन्छ। त्यसबेला बाँकी भएको विद्युत् भारततर्फ निर्यात गरिएको प्रवक्ता शिल्पकारले बताए।

हाल विद्युत्‌को जडित क्षमता ३५ सय मेगावाट हाराहारी छ। अहिले मनसुनका कारण खोलामा पानीको सतह बढेको छ। गर्मी भएको बेलामा पनि हिउँ पग्लेर खोलामा पानीको सतह बढेको छ। त्यसले खोलामा पानी सतह बढेको छ। फलस्वरूप, त्यस्ता खोलाको पानीमा निर्भर परियोजनाको उत्पादन बढ्न थालेको छ। त्यसपछि विद्युत् निर्यात पनि सुरु गरिएको हो।

हिउँद लागेर विद्युत् उत्पादन घटेसँगै गत पुस ६ गतेबाट निर्यात रोकिएको थियो भने आयात सुरु भएको थियो। त्यसको पाँच महिनापछि निर्यात पुनः सुरु भएको हो। यद्यपि, विद्युत् आयात पनि कायमै छ।





भाइराजा शिल्पकार
प्रवक्ता, प्राधिकरण

> उत्पादन बढेसँगै आन्तरिक खपत गरेर बाँकी भएको अवस्थामा भारतको रियल टाइम मार्केटमा विद्युत् बिक्री गर्न सुरु गरेका हौँ। २४ घण्टा नै विद्युत् निर्यात भने भएको छैन। रातको समयमा १५० देखि २०० मेगावाटसम्म विद्युत् बिक्री गर्न पुगेको छ। यद्यपि, आन्तरिक उत्पादनले नपुगेको बेला आयात पनि गरिरहेका छौँ। मंगलबार पनि ३७२ मेगावाटसम्म विद्युत् आयात भएको थियो।




## असारदेखि २४सै घण्टा निर्यात

सम्भवतः असारदेखि आयात पूर्ण रूपमा रोकिने र निर्यात पनि २४ घण्टा नै हुने प्राधिकरणको भनाइ छ। सम्झौताअनुसार प्राधिकरणले १ असारदेखि बंगलादेशलाई ४० मेगावाट विद्युत् पनि निर्यात गर्नेछ। त्यस्तै, भारतमा पनि नौ सय ४१ मेगावाटसम्म विद्युत् बिक्री गर्न यसअघि नै स्वीकृति भएको छ। यसपालि भारततर्फ थप स्वीकृति लिएर १२ सय मेगावाटभन्दा बढी विद्युत् निर्यात गर्ने लक्ष्य लिइएको छ। प्राधिकरणले चार वर्षअघिबाट विद्युत् निर्यातको ढोका खोलेको हो। सुरुमा भारततर्फ मात्रै निर्यात भइरहेको बिजुली गत वर्षदेखि भारतीय प्रसारण लाइन हुँदै बंगलादेशतर्फ पनि जान थालेको छ।

## नौ महिनामा प्राधिकरणको नाफा नौ अर्ब १९ करोड

बुधबार सार्वजनिक चैतसम्मको अपरिष्कृत वित्तीय विवरणसहितका प्रतिवेदनअनुसार चैत मसान्तसम्म प्राधिकरणले नौ अर्ब १९ करोड ८० लाख रुपैयाँ नाफामा आर्जन गरेको छ। कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले श्वेतपत्र जारी गर्दै फागुनसम्म नौ अर्ब ४८ करोड रुपैयाँ नाफा भएको बताउँदै करसम्बन्धी कानुनअनुसार ह्रासकट्टी गर्दा पाँच अर्ब २६ करोड रुपैयाँ सञ्चित नोक्सानी रहेको जिकिर गरेका थिए। तर, त्यसको एक महिनापछि प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकमा नौ अर्ब १९ करोड ८० लाख रुपैयाँ नाफामा देखिएको छ। फागुनको तुलनामा चैतको नाफा भने घटेको छ।

समीक्षा अवधिमा प्राधिकरणको कुल आम्दानी ९८ अर्ब ९५ करोड ६६ लाख रुपैयाँ रहेको छ, ८९ अर्ब ७५ करोड ८६ लाख रुपैयाँ खर्च रहेको छ। कर कट्टी गर्नुअघिको अपरिष्कृत नाफा नौ अर्ब १९ करोड ८० लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ। गत आवको सोही अवधिमा भने प्राधिकरणको नाफा ११ अर्ब ६ करोड ३३ लाख रुपैयाँ थियो। गत आवको नौ महिनामा ९३ अर्ब ९४ करोड १० लाख रुपैयाँ आम्दानी हुँदा ८२ अर्ब ८७ करोड ७७ लाख रुपैयाँ खर्च भई ११ अर्ब ६ करोड ३३ लाख रुपैयाँ नाफा भएको थियो।

## चैतसम्म साढे नौ अर्बको विद्युत् आयात

प्राधिकरणले चैतसम्म भारतबाट नौ अर्ब ४२ करोड ९२ लाख रुपैयाँको विद्युत् आयात गरेको छ। गत ६ पुसदेखि आयात थालिएको थियो। चैतसम्म भारतबाट ९१ करोड ६१ लाख युनिट विद्युत् आयात गरिएको प्राधिकरणले जनाएको छ। वैशाखसम्मको तथ्यांक भने तयार हुन बाँकी छ। गत आवको चैतसम्म भने ११ अर्ब ५४ करोड ७१ लाख रुपैयाँको विद्युत् आयात भएको थियो।


## भारत र बंगलादेशमा १३ अर्ब १५ करोडको विद्युत् निर्यात

चालू आवको चैतसम्म प्राधिकरणले १३ अर्ब १५ करोड १९ लाख रुपैयाँको विद्युत् निर्यात गरेको छ। यो साउनदेखि पुससम्म विद्युत् निर्यातबापतको आम्दानी हो। गत आर्थिक वर्ष ०८१/८२ को सोही अवधिमा १३ अर्ब ४२ करोड ९ लाख रुपैयाँको विद्युत् निर्यात भएको थियो।

## वैदेशिक व्यापार

# माथि उठ्दै निर्यात

साउनमा ८.७ प्रतिशत रहेको निर्यातको हिस्सा वैशाखसम्ममा १२.८८ प्रतिशत
आयातमा १३.११ प्रतिशत र निर्यातमा ७२.७१ प्रतिशत वृद्धिदर




पवन तिमिल्सिना/नयाँ पत्रिका

वैदेशिक व्यापारमा आयातको हिस्सा खुम्चिन थालेको छ। वस्तु आयातको तुलनामा निर्यातको वृद्धिदर बढ्दै गएकाले वैदेशिक व्यापारको संरचनामा नै परिवर्तन देखिएको हो। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा खानेतेलको निर्यात बढेकाले समग्र वैदेशिक व्यापारको संरचनामा नै परिवर्तन आएको हो।

भन्सार विभागका अनुसार चालू आर्थिक वर्ष ०८१/८२ को १० महिनामा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८७.१२ प्रतिशत पुगेको छ। गत आर्थिक वर्ष ०८०/८१ को १० महिनामा आयातको हिस्सा ९१.१७ प्रतिशत थियो। चालू आवकै गत साउनमा पनि यस्तो हिस्सा ९१.३ प्रतिशत थियो। गत साउनमा वैदेशिक व्यापारमा ८.७ प्रतिशतमा सीमित निर्यात वैशाखसम्म आइपुग्दा १२.८८ प्रतिशत पुगेको छ।

वैशाखसम्ममा आयातको वृद्धिदर १३.११ प्रतिशत छ भने निर्यातको वृद्धिदर ७२.७१ प्रतिशत छ। चालू आवको १० महिनामा १४ खर्ब ७४ अर्बको वस्तु आयात भएको छ भने दुई खर्ब १७ अर्बको निर्यात भएको छ।

भटमास र सूर्यमुखी तेलको उच्च मात्रामा भएको निर्यातले वैदेशिक व्यापारमा निर्यातको हिस्सा बढाउँदै लगेको भन्सार विभागको तथ्यांक छ। १० महिनामा ७८ अर्ब ७५ करोड रुपैयाँको भटमासको तेल निर्यात भएको छ। त्यस्तै, १० अर्ब नौ करोडको सूर्यमुखी तेल निर्यात भएको छ। कुल वस्तु निर्यातमा भटमास र सूर्यमुखी तेल निर्यातको हिस्सा ४०.७७ प्रतिशत पुगेको छ। आठ अर्ब ८४ करोडको गलैँचा, ६ अर्ब ६७ करोडको अलैँची र चार अर्ब ७९ करोडको रोल्ड आइरन निर्यात भएको छ।

## सर्वाधिक आयात हुनेमा पेट्रोलियमपछि कच्चा खानेतेल

१० महिनामा सर्वाधिक आयात हुने वस्तुमा पेट्रोलियम पदार्थपछि कच्चा खानेतेल देखिएको छ। यो अवधिमा एक खर्ब दुई अर्ब ३८ लाख रुपैयाँको डिजेल आयात भएको छ। ५३ अर्ब पाँच करोडको पेट्रोल, ५१ अर्ब ८१ करोडको खाना पकाउने ग्यास र १६ अर्ब १४ करोडको हवाई इन्धन आयात भएको छ।

८१ अर्ब ८९ करोडको भटमासको कच्चा तेल आयात भएको छ। २४ अर्ब ६४ करोडको सूर्यमुखीको कच्चा तेल आयात भएको छ। ४१ अर्ब ४९ करोडको फलामजन्य वस्तु आयात भएको छ। २८ अर्ब ७६ करोडको स्मार्टफोन, २८ अर्ब ७५ करोडको हट रोल्ड आइरन, २५ अर्ब ५० करोडको औषधिजन्य वस्तु र १८ अर्ब ९५ करोडको धान आयात भएको छ। १८ अर्ब २६ करोडको कोइला, १७ अर्ब १२ करोडको सुन, १४ अर्ब ९७ करोडको मकै आयात भएको छ। त्यस्तै, १३ अर्ब ८७ करोडको १०० किलोवाटसम्मको विद्युतीय कार, जिप र भ्यान आयात भएको छ। १२ अर्ब ९० करोडको तोरीको पिना, १२ अर्ब २७ करोडको अर्धप्रशोधित फलामजन्य वस्तु, ११ अर्ब ६० करोडको भटमासको पिना, ११ अर्ब ६० करोडको युरिया र ११ अर्ब २० करोडको रासायनिक मल आयात भन्सार विभागले जनाएको छ।

# काठमाडौं जोड्ने कुलेखानी–फाखेल–हुमाने सडकमा 'असारे' विकास



शब्द तस्बिर : पोष्टराज अधिकारी/मकवानपुर

काठमाडौं जोड्ने छोटो मार्गका रूपमा रहेको हेटौँडा-कुलेखानी-फाखेल-हुमाने सडकखण्ड १५ दिन बन्द गरेर धमाधम कालोपत्र भइरहेको छ। बागमती प्रदेशमातहतको पूर्वाधार विकास कार्यालय, हेटौँडाका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुजन भण्डारीले इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ र ४ मा १२.६ किलोमिटर लम्बाइ र ८.२० मिटर चौडाइको सडकमा कालोपत्रे कार्य भइरहेको जानकारी दिए। जसअन्तर्गत ८.५० किलोमिटर सडकमा कालोपत्रे र चार किलोमिटरमा भने ढलान गरिनेछ। उनका अनुसार ३५ करोड ४८ लाख ८८ हजार ९१६ रुपैयाँमा ठेक्का सम्झौता भएको छ। हालसम्म उक्त खण्डको भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ५५.४६ प्रतिशत भइसकेको छ। उक्त सडक असोजमा आएको बाढीले क्षति पुर्‍याएको थियो।

# नवनियुक्त गभर्नरको पदबहाली

पाँच सय र एक हजारका नयाँ नोट जारी गर्ने पहिलो निर्णय



काठमाडौं/ नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेलले बुधबार पद बहाली गरेका छन्। मन्त्रिपरिषद्‌को मंगलबारको निर्णयअनुसार डा. पौडेल बैंकको रिक्त गभर्नर पदमा नियुक्त भएका हुन्। राष्ट्र बैंकको १८औँ गभर्नरको रूपमा पदबहाली अघि उनले सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसमक्ष पद तथा गोपनीयताको शपथ लिएका थिए।

राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकार, कोलोम्बो प्लान काउन्सिलको अध्यक्ष तथा नेपाल उद्योग परिसंघको प्रमुख आर्थिक सल्लाहकारका रूपमा जिम्मेवारी निर्वाह गरिसकेका डा. पौडेल पछिल्लो समय काठमाडौं विश्वविद्यालयमा प्राध्यापक थिए।

पदबहालीलगत्तै अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई उनले भेट गरेका थिए। अर्थमन्त्री पौडेलले बधाई दिँदै सफल कार्यकालको शुभकामना दिए। उनले वित्त नीति र मौद्रिक नीतिबिच समन्वय गरी अघि बढ्ने उल्लेख गरे। गभर्नर पौडेलले अर्थतन्त्र र मौद्रिक क्षेत्रमा देखापरेका समस्या समाधानमा महत्त्वपूर्ण पहल गर्नुहुने विश्वास व्यक्त गरे।

# बागमतीमा सन्तुलित र विवादरहित बजेट बनाउन सांसदको सुझाव

मकवानपुर/ बागमती प्रदेश सभामा मंगलबार प्रस्तुत भएको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटको सिद्धान्त तथा प्राथमिकतामाथि सांसदहरूले राय दिन थालेका छन्। विगतका बजेटमा देखिएको विवाद र कार्यान्वयनमा देखिएको कमजोरी अब दोहोरिन नहुने सांसदहरूको सुझाव छ।

प्रदेश सभा बैठकमा बोल्ने अधिकांश सांसदहरूले सरकारले ल्याउने बजेट विवादरहित, सन्तुलित, प्रभावकारी र जनताको आकांक्षाअनुसारको हुनुपर्नेमा जोड दिएका छन्। उनीहरूले सरकारलाई प्रदेशको विकास, जनताको जीवनस्तर सुधार र रोजगारी सिर्जनामा टेवा पुग्ने किसिमको बजेट निर्माणमा ध्यान दिन आग्रह गरेका हुन्। बुधबारको बैठकमा सांसद ठाकुरप्रसाद ढकालले नागरिकको अपेक्षाअनुसारको बजेट कार्यक्रम निर्माण गर्नुपर्ने बताए। उनले प्रदेश विश्वविद्यालयलाई व्यवस्थित र स्तरीय बनाउन सरकारले लगानी बढाउनुपर्नेमा जोड दिए। त्यस्तै, सांसद सिर्जना सायजूले आत्मनिर्भर नागरिक बनाउन सरकारको बजेटलाई केन्द्रित गर्नुपर्ने बताइन्। सुशासन र पारदर्शितालाई प्राथमिकीकरण गरी सरकारले



आमनागरिकलाई आर्थिक उपार्जनमा जोड्न जरुरी रहेको उनले बताइन्।

प्रदेश सभा सांसद भारती पाठकले सरकारले जलवायु परिवर्तनप्रति ध्यान दिनुपर्ने भन्दै सरकारले योजना नीति तथा कार्यक्रम बनाउँदा जलवायु परिवर्तनका असर न्यूनीकरणमा जोड दिनुपर्ने बताइन्। अर्की सांसद उर्मिला तामाङले शिक्षाको गुणस्तर सुधारका कार्यक्रम सञ्चालनमा सरकार अग्रसर हुनुपर्नेमा जोड दिइन्।

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ८ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय मनहरीबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

**ऋणीको विवरण**

सुभद्र सिं दोङको नाति जयेन्द्र बहादुर दोङको छोरा मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **उमेश दोङ लामा** (ना.प्र.नं. : ३१३०२१/६२ जारी मिति र जिल्ला : २०६३/११/१६, मकवानपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सुभद्र सिं दोङको बुहारी जयेन्द्र बहादुर दोङको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **साइली माया दोङ** (ना.प्र.नं. : २३८३/५७२ जारी मिति र जिल्ला : २०४४/११/१०, मकवानपुर)

२) सुर्य बहादुर लोको छोरी जयेन्द्र बहादुर दोङको बुहारी उमेश दोङ लामाको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **बबिता लो दोङ लामा** (ना.प्र.नं. : ३१-०१-६९-०४३९६ जारी मिति र जिल्ला : २०६९/०५/०३, मकवानपुर)

३) सुभद्र सिं दोङको नातिनी जयेन्द्र बहादुर दोङको छोरी मकवानपुर जिल्ला पदमपोखरी वडा नं. ५ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **ढोल्मा दोङ** (ना.प्र.नं. : ३११०२१/५५९९६ जारी मिति र जिल्ला : २०६५/०९/२२, मकवानपुर)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/१२/१८ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (बिघा) |
|---|---|---|---|---|
| साइली माया दोङ | मकवानपुर जिल्ला पदमपोखरी वडा नं. ५ | ५ | ३६६९ | ०-१०-१८-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०२/२८ गते बुधबार यस बैंकको शाखा कार्यालय मनहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२९ गते बिहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय मनहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ